वैठक मिति :२०७६।०६।१४ गते

## छलफलका लागि पेश भएका प्रस्तावहरु:

१. सानो टिपर र हलुका सवारी चालक करारमा भर्ना गर्ने सम्वन्धमा ।
२. तराई मधेश समृद्धी कार्यक्रम संचालन सम्वन्धमा ।
३. सम्पुरक कोष र विशेष कोषको कार्यक्रम छनौट सम्वन्धमा ।
४. हरैया पिडारी रोड आर.सि.सि. नाला निर्माण ठेक्काको रकम भुक्तानी सम्वन्धमा ।
५. कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धमा ।
६. कुलो निर्माणको रकम भुक्तानी सम्वन्धमा ।
७. गाडी भाडा भुक्तानी सम्वन्धमा
८.. लखनदेही खोलाको ठेक्का रद्द गर्ने सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सानो टिपर र हलुका सवारी चालक करारमा भर्ना गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कार्यालयको टिपर चलाउनको लागि सानो टिपर सवारी चालक-१ र हलुका सवारी चालक-१ गरी जम्मा सवारी चालक-२ जनालाई करारमा भर्ना गर्ने निर्णय गरियो । सो को लागि देहाय बमोजिमको समिति गठन गरी अन्तवार्ता तथा प्रयोगात्मक परिक्षाबाट भर्ना गर्ने निर्णय गरियो ।

१. संयोजक : श्री रुपलाल देवकोटा

२. सदस्य : श्री रामहरि आचार्य

३. सदस्य : श्री रामदेव चौधरी

## निर्णय नं. २

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको तराई मधेश समृद्धी कार्यक्रम संचालन सम्वन्धी प्रस्तावमा छलफल गर्दा नेपाल सरकारको तराई मधेश समृद्धी कार्यक्रमबाट हरिपुर नगरपालिकाको लागि महावीर जनता वहुमुखी क्याम्पस पुर्वाधार निर्माण वडा नं. २ को योजनाको लागि रु. ४०,००,०००।०० स्वीकृत गरी पठाएको रकम देहाय अनुसार योजना संचालन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको विवरण | लागत ब्यहोर्ने निकायहरु | | | योजनाको कार्याकन्वयन गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| | | तराई मधेश समृद्धी कार्यक्रम बाट रु. ९० प्रतिशत | हरिपुर नगरपालिकाबाट न्युनतम १० प्रतिशत (म्याचिङ्ग फण्डबाट) | जम्मा रकम रु. | | |
| १ | श्री महावीर जनता बहुमुखी क्याम्पस हरिपुर-२, सर्लाही | ४०,००,०००।०० | ५,००,०००।०० | ४५,००,०००।०० | ठेक्का | |

## निर्णय नं. ३

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको सम्पुरक कोष र विशेष कोषको कार्यक्रम छनौट सम्वन्धी प्रस्तावमा छलफल गर्दा सम्पुरक कोष र विशेष कोषको लागि देहाय बमोजिमको योजनाहरु छनौट गरी डि.पि.आर. तयारी गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

सम्पुरक कोषबाट संचालन योजना

| क्र.सं. | योजनाको नाम | योजना स्थल | लागत ब्यहोर्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सम्पुरक कोषबाट | नगरपालिकाबाट | जम्मा रकम रु. | |
| १ | विद्यालय भवन निर्माण | श्री सार्वजनिक जनता मा.वि. हरिपुर-६, लक्ष्मीपुर | | | | |
| २ | विद्यालय भवन निर्माण | श्री महावीर जनता उच्च मा..वि. हरिपुर-२ | | | | |

विशेष कोषबाट संचालन योजना

| क्र.सं. | योजनाको नाम | योजना स्थल | लागत ब्यहोर्ने | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | विशेष कोषबाट | नगरपालिकाबाट | जम्मा रकम रु. | |
| १ | पुल निर्माण | हरिपुर-५, असन्वा | | | | |
| २ | कृषि सडक कालो पत्रे सडक | महावीर जनता मा.वि. देखि लक्ष्मीपुर जाने सडक कालोपत्रे | | | | |
| ३ | पर्यटन स्थल निर्माण कार्यक्रम | हरिपुर-७, चिताईन | | | | |

## निर्णय नं. ४

आजको यस नगरकार्यपालिकाको बैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको हरैया पिडारी रोड आर.सि.सि. नाला निर्माण ठेक्काको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा हरैया पिडारी रोड आर.सि.सि. नाला निर्माणको ठेक्का लाग्दा वि.ओ.कियु. अनुसार ६३० मिटर काम गर्नु पर्नेमा आयोजना स्थल खाली नभएको विभिन्न घरहरु परि भत्काउन सक्ने अवस्था नरहेको हुँदा निज ठेकेदारले ६०५ मिटर नालाको काम सम्पन्न गरेको हुँदा यही बमोजिम कार्य सम्पन्न गरी ठेकेदारको नाम लक्ष्मी नारायण महादेव निर्माण सेवा हरिपुर-६, सर्लाहीलाई निजले कवुल गरेको रकम रु २५,३५,५९४।२४८ कुल मुल्यांकन रकम रु. २४,३९,५०२।७१ मा रनिंग विल रकम रु. १९,१९,९८३।४३ बाँकी भुक्तानी दिनु पर्ने रकम रु. ५,१९,५१९।०३ भुक्तानी गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

वैठक मिति :२०७६।०६।१४ गते

## निर्णय नं. ५

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पश्रीश भएको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी प्रस्तावमा छलफल गर्दा नगरसभाको निर्णय नं. ५-१७ अनुसार चालु आ.व. २०७६।०७७ को श्रावण देखि असार मसान्त सम्म देहाय बमोजिमको नगरपालिकाको कर्मचारीहरुलाई विहान वेलुका खटे वापतको प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

| क्र.सं. | नाम | प्रोत्साहन शुरु तलव स्केलको प्रतिशतमा |
|---|---|---|
| १ | श्री उदय प्रसाद देवकोटा | ३०% (तिस प्रतिशत) |
| २ | श्री रुपलाल देवकोटा | २५% (पचिस प्रतिशत) |
| ३ | श्री रामहरि आचार्य | २५% (पचिस प्रतिशत) |
| ४ | श्री रामदेव चौधरी | २५% (पचिस प्रतिशत) |
| ५ | श्री सुरेन्द्र सिंह दनवार | २५% (पचिस प्रतिशत) |
| ६ | श्री निलम चौधरी | २५% (पचिस प्रतिशत) |
| ७ | श्री राजन कुमार पाँचेमगर | २५% (पचिस प्रतिशत) |
| ८. | श्री कौशर आलम मंसुर | २५% (पचिस प्रतिशत) |
| ९ | श्री प्रदिप कुमार चौधरी | २५% (पचिस प्रतिशत) |
| १० | श्री कृष्णदेव लाल कर्ण | २५% (पचिस प्रतिशत) |

## निर्णय नं. ६

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको कुलो निर्माणको रकम भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा फेकु महतोको खेत देखि रसिद पमरियाको खेत सम्म जाने कुलो मर्मत सम्भार कार्य सम्पन्न भएकोले सो कुलो निर्माणमा रकम रु. १,३५,८००।०० (एक लाख पैतिस हजार आठ सय मात्र) कृषक समुहलााई नगर विकास योजनाको पेज नं. ३७ को क्र.सं. ५३ मा सामाजिक संस्था सहायताबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ७

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको गाडी भाडा भुक्तानी सम्वन्धी प्रस्तावमा छलफल गर्दा २०७६ श्रावण १ गते देखि ६ महिनाको लागि नगरपालिकाको मासिक रु. १,००,०००।०० (एक लाख) मा लिइएको गाडी भाडा स्वीकृत गर्दै मासिक रुपमा गाडी भाडा भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको लखनदेही खोलाको ठेक्का रद्द गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा ठेक्काको वि.ओ.कियु. टेण्डर फायलमा कर्मचारीको भुलवश क्यु फिट हुनु पर्नेमा घन मिटर उल्लेख भएको हुँदा मुल्याँकन समितिले सिफारिस गरेको आधारमा उक्त ठेक्काको सम्पुर्ण ठेक्का वदर गरी निज ठेकेदारहरुको धरौटी फिर्ता गर्ने र पुनः ठेक्का लगाउने निर्णय गरियो ।